"कृषि, पर्यटन र पुर्वाधार, सम्वृद्ध मिक्लाजुङको आधार"

स्थानीय सरकार

# मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

प्रदेश नं. १, (नेपाल)

प.सं. : २०७९/०८०

च.नं. :

मिति :२०७९/१०/०५

## सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका लागि आवश्यक जनशक्तिहरु करारमा पदपूर्ति गर्ने सम्बन्धमा सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।१०। ०५)

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकार वीचको द्विपक्षीय सम्झौता अनुसार संचालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ। सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गरिरहेको छ। यस सामी कार्यक्रम अन्तर्गत मिक्लाजुङ गाउँपालिकामा वैदेशिक रोजगार सम्बन्धि सचेतिकरणका कार्यक्रमहरु संचालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नगरिकहरुबाट तल उल्लेखित पदका लागि १५ (पन्द्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कर्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | वि. नं | पद | पद संख्या | न्युनतम योग्यता तथा अनुभव |
|---|---|---|---|---|
| १. | १०/७९/०८० | वित्तीय साक्षरता सहजकर्ता | १ | न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण, प्रौढ शिक्षा वा वयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| २. | ११/७९/०८० | रिटर्नी स्वयंसेवक (आंशिक) | २ | न्युनतम कक्षा SEE पास गरि वैदेशिक रोजगार (खाडी मुलुक र मलेशिया ) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। आ.ब. ०७९/०८० मा मिक्लाजुङ गा.पा. वडा नं. ६ र ७ मा यो परियोजना लागु भएकोले सोहि वडाका बासिन्दालाई प्राथमिकता दिईनेछ। |

(१) कार्य अवधि : हाललाई २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ।

(२) परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता । सम्बन्धित पदको पाठ्यक्रम मिक्लाजुङ गाउँपालिकाको वेभसाईट www.miklajungmunpanchthar.gov.np मा उपलब्ध छ।

(३) आवश्यक कगजातहरु र दरखास्त दिने स्थान : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्र र पासपोर्ट साईजको २ प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई आवेदन दस्तुर बुझाएको रसिद सहित मिक्लाजुङ गाउँपालिकाको कार्यालय रवि, पाँचथरमा आवेदन गर्नु पर्नेछ। तोकिएको समय भन्दा पछी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

(४) छनौट प्रक्रिया : लिखित तथा अन्तर्वार्ता परिक्षा लिईनेछ। प्रत्येक पदमा अवसरबाट वन्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समवेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ।

(५) दरखास्त दिने अन्तिम मिति: २०७९।१०।१९ गतेका दिन कार्यालय समय भित्र आबेदन बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट आवेदन गर्न सकिनेछ।

(६) आवेदन दस्तुर : रिटर्नी स्वयंसेवकका लागि रु. ३००।- र वित्तीय साक्षरता सहजकर्ता लागि रु. ५००।-

(७) तलव तथा अन्य सुविधा : कार्यक्रमको नियम अनुसार।

........................

पदपुर्ति समिति

सूचना तथा प्रविधि शाखाः सूचना सम्प्रेषणको व्यवस्था मिलाउन हुन।

अग्नि प्रसाद चम्लागाई

नि. प्रमुख प्रशासकीय अधिकृत